# सिगास गाउँपालिका
# दोस्रो गाउँसभाको
# तेस्रो अधिवेशन

२०८० साल असाढ १० गते
आईतवार
गाउँपालिका अध्यक्ष हरि सिंह धामीज्यूले
प्रस्तुत गर्नु भएको

## आर्थिक वर्ष २०८०/०८१ को
## नीति तथा कार्यक्रम

सिगास गाउँपालिका
गाउँ कार्यपालिकको कार्यालय
गर्जे,बैतडी

*सिगास गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, गाउँसभाका सदस्य तथा यस कार्यालयका कर्मचारी मित्रहरु सबैमा हार्दिक नमस्कार तथा स्वागत ।*

सिगास गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा म निकै हर्षित छु । सर्वप्रथम देशको अवस्था र व्यवस्था परिवर्तन गर्न विभिन्न समयमा भएको आन्दोलनमा साहदत प्राप्त गर्नहुने महान शहिद प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र घाइतेजन प्रति सिघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

स्थानीय तहको संस्थागत गठनपछि मात्र विकासले विस्तारै गति लिन थालेको हाम्रो पालिकाको कटु सत्य पालिकाबासीहरुलाई जगजाहेर नै छ । भौगोलिक रुपमा पछि परेको र विकासबाट पनि पछि पारिएको गाउँपालिकाको समृद्धिको सपनालाई शिरमा राखेर मन, वचन र कर्मले निरन्तर सेवामा तल्लिन सम्पूर्ण जनप्रतिनिधि ज्यूहरु र हाम्रा नीतिलाई यथार्थमा बदल्न दिनरात सेवा प्रवाह गरिरहेका सम्पूर्ण कर्मचारीवर्गहरु प्रति मेरो उच्च सम्मान छ । साथै स्थानीय सरकारले सञ्चालन गरेका हरेक गतिविधि तथा क्रियाकलापमा साथ दिने सम्पूर्ण सिगासवासी आम नागरिक, राजनैतिकदल, जनप्रतिनिधि, संघ संस्था प्रति पनि उच्च सम्मान छ ।

गाउँपालिकाको आफ्नै प्राकृतिक स्रोत, उपलब्ध जडीबुटी, खरिद मेसिनरीको प्रयोग र राजश्वका स्रोतको पहिचान गरी आन्तरिक आयलाई बढाएर आत्मनिर्भर गाउँपालिका बन्ने यस गाउँपालिकाको मुख्य उदेश्य रहेको छ ।

पालिकावासीका समयसापेक्ष असिमित आवश्यकता र माग तथा गाउँपालिकाको सिमित वित्तीय स्रोत न्यून आन्तरिक आय बीचको तालमेललाई वास्तविक क्षेत्रमा हस्तान्तरण गर्नु पालिकाको मुख्य चुनौति रहेको छ ।

विकट भौगोलिक अवस्था र आन्तरिक आम्दानीको ठोस स्रोत पहिचान हुन नसक्नु यस पालिकाको मुख्य समस्या रहेको छ ।

सिगासवासीहरुले आफ्नो अमूल्य मतबाट सिगासको सम्पूर्ण विकासको इच्छा प्रकट गरी हामीलाई नीति निर्माण र विकास निर्माणको बैधानिक तहमा पुर्‍याईएको कुरा कदापि नजर अन्दाज गर्न सकिदैन ।

नेपाल सरकारले उपलब्ध गराउने सशर्त अनुदानका विभिन्न शीर्षकमा बीस प्रतिशतको कटौती, राजश्व बाँडफाँडको करिव दुई करोडले कटौती, वित्तीय समानिकरणको अन्तिम किस्ताको पचास प्रतिशतले भएको कटौती, कार्य सम्पादनको स्वर्णीम समय करिव दुई महिना कार्यालय प्रमुखको अनुपस्थितिले गर्दा गाउँपालिकाले यस आ.व.मा सोचे अनुसार कार्य प्रगति गर्न नसकेको कुरा यहाँहरुमाझ प्रस्तुत गरिरहदा दुःख लागि रहेको छ । सीमित स्रोत र साधनका बावजुत पनि स्थानीय सरकारले यसपालिकाको बृहत्तर प्रगतिकालागि निरन्तर खटिरहँदा पनि स्थानीय सरकार प्रति बेलाबेला भईरहने प्रहारमा स्थानीय सरकार चनाखो एवम् सजग छ ।

जनताबाट प्रत्यक्षमाग भई आएका योजना तथा कार्यक्रमहरुलाई समाबेश गरी यस गाउँपालिकाको सम्भावना र अवसरलाई मध्यनजर गर्दै नीति तथा कार्यक्रम तय गरिएको व्यहोरा अवगत गराउन चाहन्छु ।

गाउँसभाका सदस्य तथा अतिथि महानुभावहरु,

**अब म यस स्थानीय सरकारको आगामी आर्थिक बर्ष २०८०/०८१ को बार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु।**

<u>आर्थिक विकास</u>

क) <u>कृषि तथा सिँचाइ सम्वन्धि</u>

- नवीन तथा दिगो कृषि प्रविधिहरु अबलम्बन गरी समुदायमा अनुकरणीय कार्य गर्ने अगुवा कृषकहरुलाई एक टोल एक स्रोत व्यक्तिको रुपमा परिचालन गर्ने नीति अबलम्बन गरिनेछ।
- माटोको उर्वरा शक्ति बढाउनका लागि रसायनिक मलको प्रयोगलाई निरुत्साहित गर्दै विगतमा संचालित गोठेमल सुधार तथा भकारो व्यवस्थापन कार्यक्रमलाई प्राथामिकता दिदै पशुपालन गर्ने सहकारी कृषक समूह तथा किसानहरुलाई प्राङ्गारिक मल उत्पादन तथा प्रयोगका लागि प्रोत्साहान गरिनेछ।
- कृषि बीउँ विजन, मल र औषधीहरुको आपूर्ति र व्यवसायिक कृषकहरुलाई आधुनिक औजारहरु विशेष अनुदानमा उपलब्ध गराउने नीति लिइनेछ।
- मौरीपालन, उन्नत तरकारीको विउ, फलफुलको विरुवा, प्लाष्टिक टनेल, आधुनिक कृषिऔजार तथा उपकरण आदिमा निश्चित प्रतिशत अनुदान दिई पौरखी किसान र कृषक समूहलाई प्रोत्साहन गर्न उत्पादित बस्तुहरुको बजारीकरणमा जोड दिइनेछ।
- किसानलाई उन्नत बिउँ विजन वितरण गरिनेछ, साथै आगामी दिनमा यस गाउँपालिकामा किसानबाट नै उन्नत बिउँविजन उत्पादन गराई बिउँ बैङ्कको स्थापना गरिनेछ। र आगामी ५ वर्ष भित्रमा बिउँ विजनमा आत्मनिर्भर पालिका बनाईनेछ।
- कृषिबाली संरक्षणका लागि वन्यजन्तु तथा प्राकृतिक प्रकोपबाट हुने नोक्सानी एकिन गरी आवश्यक क्षतिपूर्ति दिइनेछ।
- कृषकहरुलाई हिउँदे तथा वर्षे फलफूलका विरुवा वितरण गरिनेछ।
- संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी पानीको मुहान नभएका ठाउँमा लिफ्ट सिँचाइ निर्माण तथा खानेपानीको लागि विशेष जोड दिइनेछ।

ख) <u>पशुपंक्षीतर्फ</u>

- गाउँपालिकाभित्र स्थानीय सम्भाव्यताका आधारमा बाख्रापालन, कुखुरापालन, भैसीपालन र बङ्गुरपालन लाई प्रवर्द्धन गरिनेछ साथै अनुदान वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- लम्पी स्किन तथा विभिन्न पशुजन्य रोगलाई ध्यानमा राखी सम्पूर्ण पशुपालक कृषकलाई ओषधी तथा प्राविधिक सेवा उपलब्ध गरिनेछ।
- गोठ, भकारो तथा मल खादसुधार कार्यक्रम सञ्चालन गरी पशु उत्पादनमा बृद्धि गरिनेछ।
- पशु चौपायाको नश्ल सुधारको गर्न कृतिम गर्भाधानको लागि आवश्यक पर्ने उपकरण तथा औषधिको व्यवस्था गरिनेछ।

ग)<u>पर्यटन/संस्कृति</u>

- धार्मिक ऐतिहासिक पर्यटकीय स्थलको रुपमा रहेका सबै धार्मिक सम्पदाहरुको जगेर्ना गर्न गुरुयोजना निर्माण गरी क्रमश कार्यान्वयनमा ल्याईनेछ।
- गाउँपालिकाको केन्द्र देखी गाउँपालिका भित्रका प्रमुख पर्यटकीय क्षेत्रहरुसम्म पुग्न सकिने धार्मिक-पर्यटकीय मार्गहरुको निर्माण गरिनेछ।

- गा.पा.भित्रका कला, संस्कृति, स्थानीय श्रोत साधनको प्रवर्द्धन, विकास र विस्तार गर्ने नीति अनुरुप उपयुक्त स्थानमा गा.पा. केन्द्र नजिक जमिनको खोजी गरी संग्रहालय निर्माण गर्न पहल गरिने छ ।

घ) <u>सहकारी</u>

- गाउँपालिका भित्र खोलिएका सहकारीहरुलाई उचित अनुदान उपलब्ध गरिनेछ ।
- सहकारी क्षेत्रको बिकासमा सहभागिता सुनिश्चितता गर्न सहकारी मार्फत अनुदानको व्यवस्था गर्दै स्वरोजगारका कार्यक्रममा लागत सहभागिता गरिनेछ ।
- सहकारी मार्फत आयआर्जन सम्वन्धीहाते होजियारी, वाखापालन लगायतका कार्यक्रमहरु संचालन गरिनेछ । साथै कृषिजन्य वस्तुको विक्रिवितरण सुनिश्चितताका लागि एक वडा एक सहकारी संस्थाको अवधारणा ल्याईनेछ ।
- हरेक सहकारीको विकासका लागि आवश्यक नियम तथा अनुगमनको व्यवस्था गरिनेछ ।
- सहकारी मार्फत स्थानीय ज्ञान, सिप, क्षमता र स्रोतको उपयोग गरी पूर्वाधार सहितको सहकारीमूलक संस्कृतिको विकास गरिनेछ ।

ङ) <u>उद्योग तथा बाणिज्य</u>

- स्थानीयतहमा औद्योगिकग्राम स्थापना गर्न आवश्यक जग्गाको व्यवस्थापन भईसकेकाले यसको यथासिघ्र निर्माणकालागि  संघ र प्रदेश सरकार संग निरन्तर पहल गरिनेछ ।
- गाउँपालिका भित्र सञ्चालित विभिन्न व्यापार व्यावसायलाई अनिवार्य दर्ताको दायर भित्र ल्याईनेछ । र दर्ता बिनाका ब्यावसायलाई सञ्चालनमा प्रतिबन्ध लगाईनेछ ।
- गुणस्तरहीन, म्याँद नाघेका खाद्य तथा ओषधिजन्य वस्तुको बिक्रि वितरणमा रोक लगाईनेछ । र सो को निरन्तर अनुगमन गरिनेछ ।
- स्थानीय उत्पादनहरुको प्रयोगमा बढी भन्दा बढी जोड दिइनेछ र त्यस्ता उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ ।
- उद्यमशिलता विकास एंवम् आयमूलक रोजगारी अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गरी महिला, दलित, आदिबासी जनजाती र पछाडी परेका जनसमुदायलाई लघु उद्यममा सहभागी गराइनेछ ।

<u>सामाजिक विकास</u>

क) <u>शिक्षाः</u>

- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा विशेष जोड दिइनेछ, नियमित अनुगमन गरी विद्यालयको शैक्षिक उपलब्धिका आधारमा प्रोत्साहन स्वरुप बजेट विनियोजन गरिनेछ ।
- कक्षा १ बाट स्थानीय पाठ्यपुस्तक निर्माणको प्रक्रिया अगाडि बढाईनेछ, साथै अन्य कक्षाको हकमा स्थानीय पाठ्यक्रमले समेटेका विषयवस्तुमा आधारित भई सहजीकरण पुस्तिका तयार गरिनेछ ।
- विद्यालय नक्साङ्कन गरी विद्यार्थी संख्या कम भएका तथा नजिकमा अर्को विद्यालय भएको ठाउँका विद्यालयहरुको तह घटाउने, विद्यालय मर्ज कार्यलाई विशेष प्राथमिकता दिई उक्त कार्यलाई अगाडि बढाईनेछ ।
- दश वर्षे शिक्षा रणनीति योजना बनाईनेछ ।
- शैक्षिक सत्र २०८० मा भर्ना भएका विद्यार्थीहरुको संख्या, विद्यालयको शैक्षिक गुणस्तर र नेपाल सरकारले उपलब्ध गराउने अनुदानलाई आधार मानी आ.व. २०८०/०८१ मा विद्यालयलाई एकमुष्ठ शैक्षिक अनुदान वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

- आर्थिक अवस्था कमजोर रहेका जेहेन्दार विधार्थीहरुको शैक्षिक गुणस्तर बृद्धि गर्न सहायता कोषको आकारका आधारमा आर्थिक सहायता प्रदान गरिनेछ ।
- सिगास शिक्षा क्याम्पसको शैक्षिक सुदृढीकरण तथा पूर्वाधारहरुको स्तरोन्नति गरिनेछ ।
- अर्जुन उ.मा.वि.मा सञ्चालित बालीविज्ञान पठन पाठन कार्यक्रमलाई थप व्यवस्थित तथा प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।
- सामुदायिक विद्यालयहरुको पूर्वाधार विकासमा जोड दिने कार्यलाई निरन्तरता दिईनेछ ।
- शिक्षाक्षेत्रको गुणस्तरीयता अभिवृद्धि गर्न प्रधानाध्यापक र शिक्षाअधिकृत वीचकार्य सम्पादन सम्झौता गरी सोही आधारमा विद्यालयको कार्य सम्पादनमापन गरिनेछ । शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको क्षमता अभिबृद्धि गर्न तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालय शान्ति क्षेत्रलाई मूर्त रुप दिन सबै विद्यालयहरुमा आचारसंहिता निर्माण गरी विद्यालयमा गरिने राजनैतिक कार्यक्रमहरुमा पूर्ण प्रतिबन्ध लगाइने छ ।
- निश्चित केन्द्र तोकेर कक्षा ८ को परीक्षा पालिका स्तरीय र कक्षा ५ को परीक्षालाई पालिका स्तरीय होम सेन्टर पद्तिमा विकास गरिनेछ ।
- गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयहरुको प्रश्नपत्रमा एकरुपता ल्याईनेछ ।
- गाउँपालिकाभित्र संचालित सबै सामुदायिक सरकारी र निजी विद्यालयमा शैक्षिक गतिविधिमा एकरुपता कायम गरी सबै अतिरिक्त क्रियाकलाप समेत एकरुपता कायम गर्न पालिका स्तरको शैक्षिक क्यालेण्डरको निर्माण गरी कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाक्षेत्रभित्र रहेका सामुदायिक र संस्थागत विद्यालयहरुको सहभागितामा बार्षिक रुपमा हाजिरी जवाफ, वक्तृत्वकला, निवन्धप्रतियोगिता, गायनप्रतियोगिता लगायत क्षमताविकास तथा प्रतिभा प्रस्फुटन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालयको शैक्षिक वातावरणमा टेवा पुऱ्याउन विज्ञान प्रयोगशाला, पुस्तकालय र ICT ल्याव निर्माणकालागि आवश्यक अनुदान रकम उपलब्ध गराईनेछ ।

ख) <u>स्वास्थ्य</u>

- पालिका स्तरीय १५ शैयाको अस्पताल निर्माण गर्ने कार्यको सुरुवात गरिनेछ ।
- प्रत्येक स्वास्थ्य संस्थामा वर्षभरी निःशुल्क ९८ किसिमको आधारभूत औषधिको उपलब्धता गरिनेछ ।
- माहिला स्वास्थ्य स्वयंसेविका र स्वीपर लाई मासिकभत्ता दिने कार्यलाई निरन्तरता दिईनेछ ।
- निशुल्क स्वास्थ्य सेवालाई निरन्तरता दिइने छ । साथै गर्भवती महिलालाई स्वास्थ्य संस्थामा गर्भ जाँच गराउन प्रोत्साहन गरिनेछ ।
- औषधी खरिद लगायतका कार्य गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुलाई भौतिक पूर्वाधार र आवश्यक उपकरण सम्पन्न बनाइने छ ।
- आर्थिक असहाय, विपन्न नागरिकहरुलाई उपचारमा आर्थिक सहयोग गरिने कार्यलाई निरन्तरता दिईनेछ ।
- **"सुरक्षित पानी स्वास्थ्य जिन्दगानी"** भन्ने नारामा साथ सम्पूर्ण स्वास्थ्य संस्थामा २४ अै घण्टा सुरक्षित खानेपानीको उपलब्धता गराउन सुरक्षित खानेपानी योजना लागु गरिनेछ ।
- स्वास्थ्य सेवाको पहुँचमा बृद्धि गर्न आमा समूहलाई सक्रिय रुपमा परिचालन गर्न आमा समूह सुदृढीकरण कार्यक्रम संचालन गरिनेछ ।

- आयुर्वेदिक उपचार प्रणालीलाई प्रभावकारी बनाइनेछ साथै योग शिक्षामा जोड दिदै योग अभ्यास व्यवस्थापन र संचालनगरिनेछ ।
- समयमै रोगको निदान गरी उपचार गर्न भविष्यमा हुने जटिलतालाई निराकरण गर्न प्रयोगशाला संचालन भएका स्वास्थ्य संस्थाहरुमा निरन्तरता साथै आवश्यकता अध्ययन गरी केही स्वास्थ्य संस्थामा ल्याव सेवा सञ्चालन गरिनेछ ।
- **"हाम्रो गन्तब्य कुपोषणको अन्त्य"** भन्ने नाराका साथ पालिका भरी पोषण अवस्था लेखाजोखा गरी पोषण स्थिति पत्ता लगाई परामर्श तथा उपचार गर्दै पोषण मैत्री पालिका बनाउन पोषण योजनालाई एकिकृत गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- स्वास्थ्य सेवाअन्तर्गत संचालित कार्यक्रमहरुको गुणस्तरीयता सुनिश्चित गर्न अनुगमन तथा मूल्यांकन गर्ने, संस्थाप्रमुखको बैठक समीक्षा, गोष्ठी जस्ता कार्यक्रमलाई कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाईनेछ ।
- स्वास्थ्य शिक्षा तथा जनचेतना अभिबृद्धि गर्न **"स्वास्थ्यकर्मीको दिक्षा विद्यालयमा स्वास्थ्य शिक्षा"** भन्ने नाराका साथ विभिन्न वडामा रहेका स्वास्थ्यकर्मीले नजिकको विद्यालयमा गएर **हप्तामा एक दिन** प्रजनन स्वास्थ्य, सरसफाई र स्वास्थ्य सम्बन्धि शिक्षा कार्यक्रम लागु गरिने व्यवस्था गरिनेछ । साथै पालिका भित्रको कुनै एक माध्यमिक विद्यालयमा विद्यालय नर्स कार्यक्रम लागु गरिनेछ ।
- गा.पा.को शान्ति सुरक्षा, अमनचयन, सामाजिक सद्भाव कायम राख्न र मदिराजन्य बस्तुबाट हुने हिंसालाई पूर्णतया न्यूनीकरण गर्न मदिरा विक्रिवितरणको निश्चित मापदण्ड बनाईकोले सो कार्यलाई व्यवस्थित गरिनेछ । सार्वजनिक स्थल नजिक रहेका मदिरा पसलहरु बन्द गरिने छन् ।
- नियमित खोपवितरण गा.पा केन्द्र गर्जे बाटै गरिनेछ ।
- MBBS डाक्टर उत्पादन गर्ने लक्ष्य अनुरुप सिगास गा.पा. भित्र स्थायी रुपमा बसोबास भएको MBBS अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
- सूचना तथा सञ्चारको सदुपयोग गर्दै स्वास्थ्य सेवा सम्बन्धि जानकारी घरैबाट लिन, नागरिकहरुलाई आफ्नो स्वास्थ्य सम्बन्धी सूचनाको हकलाई प्रत्याभूति दिलाउन र आत्माहत्या रोकथाम गर्नका लागि **"हेलो स्वास्थ्य ईन्चार्ज "** कार्यक्रम संचालन गरिनेछ ।
- **"स्वस्थ सिगासवासी,समृद्ध सिगास"** बनाउनका निमित्त स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन ल्याईनेछ ।
- उपाध्यक्ष कोसेली कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- विद्यालय भर्नामा र बालपोषण भत्ता कार्ड नवीकरण गराउँदा खोप र बाल स्वास्थ्य कार्ड अनिवार्य गरिनेछ ।

ग) <u>खानेपानी तथा सरसफाइ</u>

- खानेपानी सुविधा नपुगेका ठाउँमा जनताको पहुँच विस्तारका साथै शुद्ध खानेपानीको गुणस्तरमा समेत ध्यान दिइनेछ ।
- खानेपानी मुहानको खोजी र संरक्षण गरि साझा स्वामित्व स्थापना गरिनेछ ।
- पालिकाभित्रका सोलार लिफ्टिङ खानेपानीको, मर्मत सम्भार र संवर्द्धनकालागि योजना बनाई लागु गरिनेछ ।
- खानेपानी टेक्निसियनको क्षमता अभिबृद्धि गरी खानेपानीको प्राविधिक पक्ष सुधार गरिनेछ ।

घ) खेलकुद

- खेलकुद विकास कार्यक्रम अन्तर्गत राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ ।
- यस पालिकामा क्रिकेट र भलिबलखेललाई प्राथमिकता दिइने छ । महिला खेलाडीलाई थप प्रोत्साहन दिइने छ ।
- जिल्ला खेलकुद विकास समिति लगायत अन्य पालिकाले आयोजना गर्ने खेलकुद क्रियाकलापमा पालिकाको सक्रिय सहभागिता हुनेछ र उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई उचित पुरस्कारको व्यवस्था गरिनेछ ।
- सामुदायिक विद्यालयका खेलकुद मैदानको स्तरोन्नति गरिनेछ ।
- गा.पा. भित्रको समग्र खेलक्षेत्रको विकास गर्न ओखलसैनीमा गाउँपालिका स्तरीय खेल मैदानको निर्माण कार्य भईरहेको र सम्पन्न भईनसकेकोले यस आ.व.मा पनि थप बजेट विनियोजन गरिनेछ ।

ङ)भाषा संस्कृति

- सामाजिक सद्भाव सुदृढ तुल्याउन सांस्कृतिक पर्वहरु गौरा, माघे संक्रान्ती जाँत, भूवापर्व, ओल्के, विशु जस्ता पर्वहरु, परम्परागत पेशा, व्यवसाय र लोपोन्मुख कला (फाँग, धुमारी, हुड्क्यौली, छलिया, चैत, भुवा, पञ्चेवाजा, जाग्रम, देउडा जस्ता विविध कला संस्कृतिको संरक्षणको लागि सिगास सांस्कृतिक समितिलाई क्रियाशील बनाईनेछ, र यी संस्कृतिहरुलाई स्थानीय पाठ्यक्रममा समावेश गरिनेछ ।
- जाँतो, घट्ट, ओखल, कोलु जस्ता परम्परागत प्रविधिहरुको जगेर्ना गरिनेछ ।

च) सामाजिक सुरक्षा

- यस पालिकालाई जातीय छुवाछुत एवम् भेदभावमुक्त पालिका घोषणा गर्न बिशेष पहल गरिनेछ ।
- सामाजिक सुरक्षाभत्ता वडाबाटै वितरण गर्न बैङ्कसंग आवश्यक सहकार्य गरी वितरण कार्यलाई सहज बनाईनेछ ।
- पालिकाभित्रका सवै वडाहरुमा महिला सशक्तिकरण तालिम सञ्चालन गरिनेछन् ।
- अपाङ्ग, दलित, असहायको जीवन सुरक्षा गरिने छ र ज्येष्ठ नागरिक सम्मान कार्यक्रम गरिनेछ ।
- आमाबुवा विहिन बालबालिकाहरुको न्युनतम मानवीय जीवनयापन गर्न पालिकाले अभिभावकको भुमिका निर्वाह गर्नेछ।
- बालबिबाह/बालश्रम गर्ने गराउने व्यक्ति, घर परिवारलाई सरकारको तर्फबाट प्रदानहुने सेवा सुविधाबाट बञ्चित गरिनेछ ।
- घरेलु हिंसा, यौन दुर्व्यवहार, सामाजिक हिंसा पिडित किशोर किशोरी र महिलाहरुको संरक्षण गर्न आवश्यक पहल कदमी लिइनेछ । लैंगिक हिंसा विरुद्ध शुन्य सहनशिलता नीति अवलम्वन गरिनेछ ।
- **"सिगास गा.पा.को सरोकार, महिलालाई अवसर र अधिकार"**भन्ने लक्ष्यलाई साकार पार्न लैंगिक समानता, समावेशीकरण तथा सामाजिक न्यायको सुनिश्चितता गरिनेछ ।
- सिगास गाउँपालिकाका सबै वडाहरुमा व्यक्तिगत घट्ना दर्ता पूर्ण रुपमा अनलाईन मार्फत गरिने कार्यलाई थप प्रभावकारी बनाईनेछ ।
- आत्महत्या नियन्त्रण गर्न सबै वडामा सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- सिगास गाउँपालिकाको सदरमुकाम गर्जेमा बैङ्कको शाखा स्थापना गर्न सम्बन्धित निकायसंग आवश्यक समन्वय गरी सामाजिक सुरक्षा भत्ता वितरण तथा बैङ्किङ कारोवारमा सहजता गरिनेछ ।

- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि सेवा ईकाई अर्न्तगतका कर्मचारी र वडा सचिवलाई तालिम संचालन गरिनेछ ।
- बालपोषण भत्ता सम्बन्धी अभिभावक सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घट्ना दर्ता कार्यक्रमलाई प्रभावकारी बनाउन नियमित अनुगमन गरिनेछ ।

छ) <u>स्थानीय अदालत, मेलमिलाप तथा न्यायिक कार्य सम्वन्धि व्यवस्था</u>

- विवाद निरुपणको कार्यलाई व्यवस्थित, न्यायोचित, पारदर्शिता र विभेदरहित बनाईनेछ ।
- न्यायिक समितिद्ववारा सम्वन्धित पक्षहरुलाई बोलाइने र न्यायिक प्रक्रियाहरुलाई यथाशीघ्र छिटो सम्पादन गराउने कार्य गरिनेछ ।
- न्यायिक समितमार्फत विवादहरुको व्यवस्थापन र मेलमिलाप सम्बन्धी कार्यहरु संचालन गरी छिटो छरितो र सुलभ न्याय प्रणालीको विकास गर्दै कुनै पनि विवादको विषय निरुपण गर्नु अघि निर्धारित प्रक्रियाबाट जाँचबुझ गरी सत्य तथ्य सबुत प्रमाण संकलन गरी कानुनको आधारमा विवाद निरुपण गरिनेछ ।

ज) <u>बेरोजगारी समाधान</u>

- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई रोजगार सेवा केन्द्र मार्फत् व्यक्तिगत श्रम स्वीकृति स्थानीय तहबाटै दिईनेछ ।
- बेरोजगार युवाहरुको तथ्यांङ्क संकलन गर्ने र अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइने छ, साथै रोजगार सेवा केन्द्र मार्फत Job Bank को स्थापना गरिने छ ।
- बेरोजगार युवाहरुको योग्यता र क्षमताअनुसारको सिपप्रदान गर्न व्यवसायिक तथा प्राविधिक तालिमदिनुका साथै युवाहरुलाई उद्यमशिलता विकासमा प्राथमिकता दिइने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाउन साझेदारीमूलक आयोजना सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपयुक्त दक्षजनशक्ति, रोजगारीको क्षेत्र र रोजगार सम्बन्धी अन्य कार्यक्रमहरुसंग आवद्ध गरी यथार्थ उत्पादनमूलक रोजगारी सृजना गर्ने बेरोजगार लक्षित अभियानको रुपमा कार्यान्वयन गरिने छ ।

झ) <u>घर जग्गाधनी पूर्जा तथा भू-संरक्षण नीति</u>

- राष्ट्रिय भूमि व्यवस्था अनुसार यस गा.पा.ले भूमिहीन दलित, सकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत संकलन गरिएकाले आवश्यक कानुन बनाई वसोवासको व्यवस्था गरिनेछ ।
- पालिका भित्र रहेको अव्यवस्थित वसोवासलाई थप व्यवस्थित गरिनेछ ।
- गाउँपालिका नजिक रहेका ऐलानी जमिनलाई गाउँपालिकाको भोगाधिकार भित्र ल्याउन आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका भित्र बनेका सडकहरुबाट कम्तीमा पनि १० मिटर दायाँबायाँ बनेका भोतिक संरचना हटाउने र नयाँ संरचना बनाउन नपाउने निर्देशिका तयार गरिनेछ ।

## पूर्वाधार विकास

### क) सडक

- विभिन्न राजमार्ग देखि गा.पा. सदरमूकाम सम्म जोड्ने सडकहरु बाह्रै महिना सञ्चालन हुने गरी स्तरोन्नति गरिने छ । सम्पन्न हुन बाँकी सडकहरुलाई गन्तव्य स्थान सम्म पुऱ्याउन आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- सम्पूर्ण वडा कार्यालय सम्म सडक पुऱ्याईनेछ र सबै वडाका गाउँ,वस्ती जोड्न सडक विस्तार गरिने कार्यलाई तीब्रता दिईनेछ ।
- कुर्चेनेटा-गर्जे सडकलाई आपसी समझदारी र सहकार्यमा अगाडि बढाइनेछ । र सो सडकको DPR र EIA निर्माण कार्य अगाडि बढाईनेछ ।
- श्रीभावर गर्जे सडकलाई संघीय सरकारले प्रदेश र स्थानीय सरकारको साझेदारीमा कालोपत्रे गर्ने अवधारणा अनुरुप सो कार्यको सुरुवातका लागि थप आवश्यक पहल गरिनेछ ।

### ख) विद्युत

- विगतमा विभिन्न स्थानहरुमा विद्युत लाइन विस्तार भएका वडा न. १, २, ३, ५ र गर्जे सदरमुकाममा नेपाल विद्युत्त प्राधिकरणको समन्वयमा बत्ती बालिनेछ । र विद्युत सेवा विस्तारको कार्य नभएका बस्तीहरुलाई प्राथमिकताका साथ अगाडि बढाई बत्ति विस्तार गरिनेछ ।
- साना तथा स्थानीय स्तरमा विद्युत उत्पादन गर्ने लघु जलविद्युत आयोजनाहरुको क्षमता बृद्धिमा जोड दिई निर्माण गरिएका लघु जलविद्युत आयोजनाहरुको मर्मत कार्य तथा थप उपकरण समेत जडान गरी सञ्चालमा ल्याईनेछ ।
- सार्वजनिक स्थान तथा स्थानीय बजारहरुमा सौर्य सोलार बत्ति जडान गरी गाउँपालिका उज्यालो कार्यक्रम अघि बढाइनेछ ।

### ग) भवन तथा सहरी विकास

- गाउँपालिकाको केन्द्र गर्जेमा वजार व्यवस्थापन तथा अतिथिहरुको वसाई सहज गर्न वहुउदेश्यीय भवन निर्माण गर्न प्रदेश र संघ सरकार संग समन्वय गरिनेछ ।
- पालिका सदरमुकाममा हुने विभिन्न सभा र समारोहलाई लक्षित गरी कम्तिमा ३०० जना अटाउने सभाहल निर्माण गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।
- सार्वजनिक जमिन मिचेर घर निर्माण गर्ने कार्यलाई निरुत्साहित गरि सार्वजनिक जमिनको लगत लिई संरक्षणमा जोड दिइनेछ ।
- सामुदायिक विद्यालयहरुका भवन निर्माण तथा मर्मत गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

### घ) सूचना प्रविधि तथा सञ्चार

- कार्यक्रमहरुको प्रभावकारिता र प्रचार प्रसार गर्न मिडिया संगको सहकार्यमा विभिन्न कार्यक्रमहरु गरिनेछ ।
- सिगास गा.पा. भित्र टेलिफोनको पहुँच नभएका ठाउँमा नेपाल टेलिकम संग सहकार्य गरी टेलिफोन टावर निर्माणमा पहल गरिनेछ
- पालिकाको कार्यालय लगायत वडाकार्यालयहरुको प्रशासनिक कार्यको सहजता र प्रभावकारी संचालन गर्न Internet सेवाको जडान गरिनेछ ।
- कार्यालयका पदाधिकारी, कर्मचारीहरुको सूचना प्रविधि सम्बन्धि क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।

- कार्यालयको सूचना प्रविधि प्रणाली (website,software system and face book page) नियमित update गरी गाउँपालिकाको गतिविधिहरुको बारेमा नागरिकले घरमै बसेर कार्यालयका सूचनाहरु, पालिकाको ईमेल, वेभपेज, मोबाईल एप्स, सामाजिक सञ्जाल अदिबाट प्राप्त गर्न तथा हेर्न सकिने व्यवस्था गरिनेछ ।
- एफ एम रेडियो स्थापनाका लागि सम्बन्धित निकायसंग साझेदारी गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- गाउँपालिका र वडा कार्यालयहरुका सरकारी इमेल एकाउन्टहरु निर्माण गरी कार्य सम्पादन गरिनेछ ।
- स्थानीय सरकार संचालन ऐन तथा गाउँपालिकाको निर्णय बमोजिम अभिलेख राख्नुपर्ने विषय र क्षेत्रको तथ्यांक र सूचना संकलन, प्रशोधन, अभिलेखन तथा प्रकाशन सम्बन्धि कार्यहरु व्यवस्थित गरिनेछ ।
- प्रत्येक वडा कार्यालयहरुमा नागरिक वडापत्र राखिनेछ ।
- सूचना प्रवाहमा एकद्धार प्रणाली अपनाइनेछ ।

ङ) <u>बैकल्पिक उर्जा, साना जलविद्युत र आधुनिक घट्ट</u>

- नविकरणीय उर्जाको श्रोत सौर्य उर्जा प्रविधि जडानलाई प्राथमिकता दिइनेछ ।
- Micro Hydro को निर्माण कार्य भईरहेका क्षेत्रमा विद्युत उत्पादन गर्न कार्यका लागि बैकल्पिक उर्जा, प्रदेश सरकार, संघीय सरकारसंग समन्वय गरी अगाडि बढाईनेछ ।

<u>वन,वातावरण तथा विपद् व्यवस्थापन :</u>

- सिगास गाउँपालिका गर्जेमा स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्रको स्थापना गरी विपद्पूर्व तयारी सामग्री खरिद गर्ने र विपद् पूर्व तयारी योजना बनाई लागु गरिनेछ ।
- वन फडानी र बन डढेलो निरुत्साहित गरी वन व्यवस्थापन र लोपोन्मुख वन्यजन्तु संरक्षणमा जोड दिइनेछ ।
- बिभिन्न दैवीप्रकोप, आगलागि, बाढी पहिरो, जस्ता विपद्मा परेका हरुका लागि तत्काल आवश्यक सहयोगका लागि उद्धार तथा राहत र क्षतिपूर्ति उपलब्ध गराउने नीति लिइनेछ ।
- यस पालिका भित्रका विपद् जोखिम क्षेत्रहरुलाई राष्ट्रिय विपद् प्राधिकरणको विपद् पोर्टलमा डाटा ईन्ट्री गरिने र सो डाटाको आधारमा NGO /INGO संग समन्वय गरी विपद्, राहात उद्धार तथा अन्य विपद् सम्बन्धी कार्यक्रम गरिनेछ ।
- पालिका भित्रका सबै वडाहरुमा विपद् व्यवस्थापन समिति गठन गरी व्यापक जनचेतनामूलक कार्यक्रम गर्ने कार्यमा जोड दिइनेछ बस्ती जोखिम, आगलागि, बाढीपहिरो र भुकम्पबाट हुन सक्ने क्षति र खतरालाई न्यूनीकरण गर्न सचेतना अभियान सञ्चालन गरिनेछ ।
- पालिका भित्रका मुख्य नदी र सहायक नदीहरुमा बाढी पहिरो र वस्ती कटान हुने गरिएको जोखिमयुक्त क्षेत्रमा तटबन्धनको व्यवस्थापन गरिनेछ ।
- पालिकाभित्र रहेका सामुदायिक वनहरुको संरक्षण गरिनेछ, साथै वन उपभोक्ता समितिहरुलाई तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

<u>सुशासन तथा संस्थागत विकास :</u>

- भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्वन गरिनेछ । सुशासनका आधारभूत मान्यताहरुलाई आत्मसात गर्दै कार्यालयले आफू र आफ्नो मातहतका कार्यालय मार्फत प्रवाह गर्ने सेवाको प्रभावकारितामा अभिबृद्धि गर्न गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण,

नागरिक वडापत्र, सूचनाको हकको प्रत्याभूति, पारदर्शिता, जवाफदेहिता र भ्रष्टाचार निवारण लगायतका कार्यहरु गरिनेछ ।

- कार्यालयमा भएका सम्पूर्ण कर्मचारीहरुले निजामती पोसाकमा कार्यालय अगाडि प्रत्येक दिन राष्ट्रिय गानको समारोहमा उपस्थित भई आफ्नो कार्य जिम्मेवारीको कार्य अगाडि बढाउने कार्यको थालनी गरिनेछ ।
- सिगास गाउँपालिकाको आन्तरिक आय बढाइ गा.पा.लाई आत्मानिर्भर बनाउन बिशेष अध्ययन गरिनेछ ।
- कर्मचारीको मनोबल उच्च पार्ने नीति लिइनेछ । कार्यालयको काममा लगनशील र कर्तव्यनिष्ठ बनाउन उचित मापदण्डको आधारमा प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- मुस्कान सहितको सेवा प्रणाली लागु गरिनेछ र स्थानीय सरकारलाई सेवक सरकारको रुपमा विकास गरिनेछ ।
- **"सुशासनका लागि आर्थिक पारदर्शिता"** भन्ने नीति कार्यान्वयन गर्न गाउँपालिका अध्यक्ष, उपाध्यक्ष लगायत कार्यपालिका सदस्यहरुले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्ने नीति लागु गरिने छ ।
- गाउँकार्यपालिका कार्यालय तथा सबै वडा कार्यालयहरुमा नागरिकहरुले स्पष्ट देख्न र पढ्न सक्ने गरी नागरिक बडापत्र राखिनेछ । गुनासो सुनुवाई कार्यलाई थप व्यवस्थित बनाईनेछ र समयमै गुनासो फर्छ्यौट गरिनेछ । साथै सुझावलाई समेट्न गुनासो पेटिका समेत राखिनेछ ।
- दर्ता चलानी तथा सोधपुछ पक्षलाई थप व्यवस्थित गर्न दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ ।
- सार्वजनिक स्रोतको उपयोगलाई प्रभावकारी बनाउन जोखिम विश्लेषणमा आधारित लेखा राख्ने पद्धतिलाई जोड दिईनेछ ।
- कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासकालागि विभिन्न तालिम, गोष्ठी, रिफ्रेसमेन्ट, भ्रमण तथा उच्चतह अध्ययनको व्यवस्था गर्ने नीति लिइनेछ ।
- गाउँकार्यपालिकाको कार्यालयद्वारा सम्पादित हुने कार्य चुस्त, दुरुस्त र प्रभावकारी बनाउन गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखसंग कार्य सम्पादन सम्झौता गरिनेछ ।
- गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त दुरुस्त बनाउन आन्तरिक नियन्त्रण निर्देशिकालाई कार्यान्वयनमा ल्याइनेछ ।
- गाउँपालिका तथा वडाहरुमा सञ्चालन र व्यवस्थापनको लागि कर्मचारीहरुलाई क्षमता अभिवृद्धि तालिमहरु संचालन गरिनेछ । संगठनात्मक संरचना अनुसार रिक्त हुन आएका दरबन्दीमा प्रदेश लोकसेवा आयोग मार्फत पदपूर्तिका लागि माग गरिनेछ । र आवश्यक थप जनशक्ति व्यवस्थापनका लागि पहल गरिनेछ । साथै करार कर्मचारीहरुको सेवा निरन्तरता दिईनेछ ।
- वित्तीय अनुशासन तथा पारदर्शिता कायम गरी सुशासनको प्रत्याभूति गराउन गाउँपालिका अर्न्तगत कार्यान्वयन गरिने क्रियाकलापहरुको समाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई कार्यक्रमलाई नियमित संचालन गर्ने र लेखापरीक्षण मार्फत् शून्य बेरुजु कायम गर्ने नीति अबलम्बन गरिनेछ ।
- वित्तीय अनुशासन कायम गर्न चालु आर्थिक वर्षमा सार्वजनिक सुनुवाईलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिकाको आर्थिक, भौतिक, सामाजिक तथा मानवीय विकासको दीर्घकालीन सोच सहितको आवधिक योजना अद्यावधिक गर्ने प्रक्रियालाई निरन्तरता दिईनेछ ।

क) स्थानीय कर

- सम्पूर्ण राजश्व संकलन गर्न अनलाईन सफ्टवयेर प्रणाली अबलम्बन गरिनेछ ।
- आन्तरिक आय बढाउन करको दरलाई सीमित गरी दायरा बढाउने साथै थप आय स्तरको अध्ययन गरी व्यवस्थित गरिनेछ ।
- घर जग्गापास, नक्सापास, कर राजश्व भुक्तानी र कुनै पनि सिफारिस लिने प्रयोजनका लागि प्रदान गरिने नागरिक सेवालाई सहज र व्यवस्थित बनाइनेछ ।

ख)मानव संसाधन विकास

- गा.पा. कार्यालय र वडाकार्यालयको कामथप चुस्त बनाउन करार कर्मचारी व्यवस्थापन कार्यविधि, २०७९ वमोजिम कर्मचारी व्यवस्थापन गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ ।
- कर्मचारीको क्षमता अभिबृद्धि र सेवा सुविधामा न्यायोचित व्यवहार गरिनेछ, र आवश्यकता अनुसार जिम्मेवारी हेरफेर गरिनेछ ।
- गाउँपालिका कार्यालयमा जडान गरिएको सि.सि.टि.भी.मा आवश्यक थप क्यामराहरु सार्वजनिक स्थलमा समेत जडान गरिनेछ । र कार्यालयमा ई - हाजिरीको व्यवस्था गरिनेछ ।
- पालिकाका अस्थायी र करारका कर्मचारीको कार्य सम्पादन मूल्यांकन आधारमा सेवा निरन्तरता दिइनेछ ।
- कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्न समय समयमा तालिमको व्यवस्था गरिनेछ र कार्यसम्पादनमा उत्कृष्ट कर्मचारीलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

ग)पेश्की/बेरुजु फर्छ्यौट नीति

- हालसम्मको बेरुजुलाई शून्यमा झार्ने नीति लिइनेछ ।
- असुल उपर, पेश्की, अनियमित जस्ता सबै खालका बेरुजु रकम अविलम्ब फर्छ्यौट गराउन बेरुजु फर्छ्यौट समिति गठन गरी नियमित काम कारवाही अविलम्ब अगाडि बढाईनेछ ।

घ)लक्षित वर्गहरुको लागिः

- बाख्रा पालन तालिम तथा अनुदान कार्यलाई थप व्यवस्थित बनाईनेछ ।
- महिला क्षमता अभिबृद्धि र आयमा बृद्धि गर्नका लागि आधुनिक सीप तथा तालिम लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- महिला समूह गठन तथा दर्ता गरी समूहका सदस्यहरुलाई सचेतनामूलक अनुशिक्षण तालिम सञ्चालन गरिनेछ ।
- वडा स्तरीय/गा.पा स्तरीय छाउपडी प्रथा उन्मूलन सम्बन्धि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- किशोर किशोरीहरुलाई बालविवाह न्यूनीकरण सम्बन्धि तालिम तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन गरिनेछ ।
- घरेलु हिंसा रोक्न शून्य सहनशीलताको नीति आवलम्वन गरिनेछ ।
- महिलाहरुको कामको बोझमा कमी ल्याउन कुटानी पिसानीका लागि आधुनिक घट्टको व्यवस्था गरिनेछ ।

- ज्येष्ठ तथा अपाङ्ग नागरिकहरुलाई न्यानो लुगा वितरण कार्यक्रम तथा अन्य आवश्यक सामग्री खरीद गरी वितरण गरिनेछ ।
- सुरक्षित नागरिक आवास र जनता आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पेशा, व्यावसाय गरिरहेका हरेक पेशाकर्मीको सीप विकास गर्ने तथा सामाग्री उपकरण उपलब्ध गराउन आवश्यक प्रबन्ध गरिनेछ ।

*अन्त्यमा, आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम तर्जुमा गर्ने चरणमा सुझाव, समन्वय र सहयोग गर्नुहुने स्थानीयतहका पदाधिकारी, राष्ट्रसेवक कर्मचारी, विज्ञ, सञ्चार जगत र आमनागरिक हरुप्रति हार्दिक आभार प्रकट गर्दछु । स्थानीय सरकारले यो नीति तथा कार्यक्रम कार्यान्वियनको चरणमा सम्बद्ध सबै पक्षबाट सकारात्मक सहयोगको अपेक्षा राखेको छ ।*
*धन्यवाद !*

(हरि सिंह धामी)
अध्यक्ष
सिगास गा.पा.